बरहथवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
प्रदेश नं. २, नेपाल

046-540310
046-540257

पत्र संख्या:- २०७६/०७७

चलानी नम्वर :-

## प्रेस विज्ञप्ति

(मिति : २०७६।५।२५)

सुचना, संचार तथा प्रविधिको उच्चतम प्रयोगको माध्यमले विधुतीय शासन **(E-Governance)** कायम गर्ने दिशामा बरहथवा नगरपालिका अगाडी बढेको छ । आव २०७६।०७७ को स्विकृत नीति तथा कार्यक्रममा समेत विधुतीय शासन स्थापना गर्ने उल्लेख भएको सन्दर्भमा यस क्षेत्रमा नगरपालिकाले हालैका दिनमा केही नवीनतम र उल्लेखनीय कार्यहरु शुरुवात गरेको छ । खास गरी आर्थिक प्रशासन शाखा, राजस्व शाखा, जिन्सी शाखा,पंजीकरण तथा सामाजिक सुरक्षा शाखा र योजना शाखा पूर्ण रुपमा सफ्टवेयरको माध्यमले आफना नियमित कार्यहरु शुरु गरिसकेका छन् भन्ने निकट समयमा अन्य बाँकी शाखाहरु पनि पूर्णरुपमा विधुतीय सफ्टवेयरमा आधारित भई कार्य गर्नेछन् भन्ने विश्वास दिलाउन चाहन्छौं । यसबाट समय र विभिन्न श्रोत साधनको बचत हुने र नागरिकले छिटो छरितो र One door बाट service प्राप्त गर्ने, सेवा प्राप्तीको विधि र प्रकृया सरलीकृत हुने र अन्तत: सेवा प्रवाहमा पारदर्शिता कायम हुने र सार्वजनिक निकायमा आफना नागरिक प्रतिको उत्तरदायित्व (Accountability towards the citizen) अभिबृद्धि हुने आशा लिईएको छ ।

आज मिति २०७६ भदौ २५ गते देखि यस दिशामा एक अर्को नविनतम शुरुवात गरिएको छ । कार्यालयको कामकारवाहीको बारेमा लिखित रुपमा सुझाव वा उजुरी दर्ता गर्नको लागि उजुरी पेटिका राखिएको छ भन्ने Online उजुरी दिने सेवाग्राहीको लागि समेत online सुविधा उपलब्छ गराइएको छ । यसको लागि बरहथवा नगरपालिकाको वेभपेज ***www.barhathwamun.gov.np*** मा गई Online उजुरी menu बाट आफना उजुरी दर्ता गराउन सकिनेछ । उजुरी प्राप्त हुने वितिकै कार्यालय प्रमुखले सम्बन्धित शाखा प्रमुखलाई उजुरी Forward गर्ने र शाखा प्रमुखबाट यथाशिघ्र उजुरी सम्बोधन भई उजुरीकर्तालाई उजुरी सम्बोधनको लिखित जानकारी पनि दिइने सुविधा उपलब्द्ध गराइएको छ । अत: सम्बन्धित सम्पूर्ण सरोकारवाला र नगरवासीहरुमा नगरकार्यपालिका र वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवाको बारेमा कुनै जिज्ञासा, सुझाव वा गुनासा भए यस Online सुविधाको प्रयोग गर्नु हुन अनुरोध गर्दछौं । साथै आजैको मिति देखि नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको बारेमा Digital citizen charter को व्यवस्था समेत शुरु गरिएको छ । कार्यालयमा राखिएको Display board बाट कार्यालयको सम्पूर्ण गतिविधीहरु, कार्यपालिकाको र नगरसभाका निर्णयहरु एवम मासिक रुपमा आय व्ययको विवरण सार्वजनिक गर्ने उद्देश्य रहेको छ । यसले नागरिकको सुचनाको हक स्थापित हुने, Pro-active disclosure को रुपमा सार्वजनिक महत्वका सुचना तथा जानकारीहरु नागरिकले सहज रुपमा प्राप्त गर्ने एवम पारदर्शिता र उत्तरदायित्व अभिबृद्धि भई सुशासन स्थापनामा टेवा पुग्ने विश्वास लिएका छौं ।

..............................................

**सुरेश राउत**
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव